





- ऊर्जामा सहयोग बढाउन नेपाल र बंगलादेशबीच छलफल.............१
- एसियाली स्वच्छ ऊर्जा मञ्चमा कम्पनीको प्रतिनिधित्व..........२


○ २०७१ श्रावन | ○ वष २/अङ्क ७

# एच.आइ.डि.सि.एल. न्यूजलेटर

**HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED**
**जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको**
**द्धैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्ध नेपालको निर्माणमा अघि बढ्दै*

## ऊर्जामा सहयोग बढाउन नेपाल र बंगलादेशबीच छलफल



***बंगलादेशका सम्माननीय प्रधानमन्त्रीसँग नेपाली टोली***

बंगलादेशका ऊर्जा र खानी स्रोतमन्त्री नसरुल हमिदको निमन्त्रणमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले अगष्ट ५ देखि ७ तारिखसम्म बंगलादेशको भ्रमण गर्नुभयो । प्रतिनिधीमण्डलमा ऊर्जा मन्त्रालयका सहसचिव केशवध्वज अधिकारी, जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) का प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपक रौनियार र नेपाल विद्युत् प्राधिकरणका निर्देशक निर्मला शर्माको सहभागित थियो ।

दुई देशबीच ऊर्जा क्षेत्रमा सहयोगको संभावनाको विषयमा द्धिपक्षिय छलफलहरु भएका थिए । चार दिने बैठकमा नेपालबाट बंगलादेशमा ऊर्जा निकासीको संभावनाका साथै दुई देशबीच ऊर्जा क्षेत्रमा सहयोगका नयाँ बाटोको पहिचान गर्ने विषयमा छलफलहरु भएका थिए ।सो अवसरमा क्षेत्रिय तथा उप-क्षेत्रिय स्तरमा सहयोग प्रवर्द्धनका साथै संभावनाको उपयोग गर्ने विषयमा विचारहरु आदनप्रदान भएका थिए । नेपाली प्रतिनिधिमण्डलले बंगलादेशका राष्ट्रपति एमडी अब्दुल हमिद, प्रधानमन्त्री शेखहसिना वाजेद, विदेशमन्त्री अब्दुल हसन महमूद र ऊर्जा तथा खानीमन्त्री नसरुल हमिदसंग शिष्टाचार भेट गरेको थियो ।

बंगलादेशमा रहदा नेपाली उच्च प्रतिनिधमण्डलले भारत र बंगलादेश जोड्ने ४ सय केभीए क्षमताको डबल सर्किट भएको भेरमार-खुसिता अन्तरदेशीय प्रसारणलाइनको अवलोकन गरेको थियो । यसको लम्बाई २७ किलोमिटर छ । भारतबाट भेरमारा ग्रीडमा ५ सय मेगावाट बिजुली जोडिएको छ ।

## एचआईडीसीएलद्धारा बसस्टप निर्माण

संस्थागत सामाजिक उत्तरदाइत्व अर्न्तगत एचआईडीसीएलले सिंहदरबारको दक्षिणी ढोकास्थित बबरमहलमा सार्वजनी बस स्टपको निर्माण गरेको छ । बस स्टप बनेपछि कर्मचारी र अन्य सर्वसाधारणलाई सहज भएको छ । यसअघि कर्मचारी र सर्वसाधारणले सास्ती व्योहर्नुपरेको थियो ।

## एसियाली स्वच्छ ऊर्जा मञ्चमा एचआईडीसीएलको प्रतिनिधित्व

एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियार नवौं एसिया स्वच्छ ऊर्जा मञ्च (एसीईएफ) को वार्षिक अन्तराष्ट्रिय ऊर्जा कार्यक्रममा सहभागि हुनुभयो । कार्यक्रम एसियाली विकास बैंक(एडीबी) को आयोजना र युनाइटेड स्टेटस एजेन्सी फर इन्टरनेश्नल डेभलपमेन्ट (युएसआइडी), दी वर्ल्ड इनर्जी काउन्सील (डब्ल्युईसी) साझेदारीमा जुन १९ देखि २० सम्म फिलिपिन्सको मनिलामा आयोजना गरिएको थियो । मञ्चको सहआयोजकमा अष्ट्रेलिया, क्यानाडा, जापान, नर्वे, स्पेन, स्वीडेन र वेलायत थिए ।




मञ्च एउटा अन्तराष्ट्रिय कार्यक्रम थियो, जहाँ लगानी विज्ञ र संस्थाहरु स्वच्छ ऊर्जा क्षेत्रमा कार्यरत व्यक्तिहरु एउटै मञ्चमा आएर लगानी र नीतिका विषयमा छलफल गरेका थिए । एसीएफसीमा ९० मुलुकमा १ हजार ५ सयको सहभागिता थियो । यी मध्ये २ सय ६० जना वक्ता र स्रोतव्यक्ति थिए । मञ्चले नीति निर्माता, आयोजना विकासकर्ता, लगानीकर्ता र प्राविधिक विज्ञलाई एकसाथ ल्याउनुका साथै स्वच्छ ऊर्जाका विकास, अवसर र चुनौतीका बारेमा छलफल गरेको थियो ।

सो अवसरमा एचआईडीसीएलका सीईओ दीपक रौनियारले नेपालमा ऊर्जा क्षेत्रमा एचआईडीसीएलको क्रियाकलाप र सहभागिताका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र आन्तरिक लगानीका आयोजना र मुख्य लगानीकर्ता, अन्तराष्ट्रिय र बहुराष्ट्रिय लगानी आयोजनामा अवसर र नेपालको ऊर्जा क्षेत्रको मूल्यांँकनमा केन्द्रीत थियो । फिलिपिन्स भ्रमणकका अवसरमा रौनियारले एडीबीका उपाध्यक्ष डा. बिन्दु लोहनी, निर्देशक ब्रुनो कारस्को,सार्वजनी व्यवस्थापन, वित्तीय क्षेत्र र व्यापार विभाग र दक्षिण एसिया विभागका दुन ल्याम्बर्ड, वरिष्ठ वित्तीय विश्लेषक विवेक रावसंग भेट गर्नुभएको थियो । भेटघाट नेपालमा आयोजना विकासका लागि संयुक्त लगानीका अवसर र मध्यम आयोजना विकासमा कोन्द्रीत थियो । सो अवसरमा एडीबी थप नयाँ अवसर पहिचान गर्न सहमत भएको थियो । ल्याम्बर्ड र रावलाई अगस्टमा एचआईडीसीएल र आयोजनाको मूल्याँकनका लागि मिसनका रुपमा पठाउने निर्णय गरेको थियो । मिसनले आगामी अगष्टमा नेपालको भ्रमण गर्देछ ।

## एडीबी मिसनद्वारा एचआईडीसीएलको भ्रमण

नेपालको जलविद्युतको संभावना र लगानी परिचालन पहिचानका लागि गत अगष्ट १२ देखि १४ सम्म एडीबीको कन्सलटेन्सन मिसनले एचआईडीसीएलको भ्रमण गरेको छ । एचआईडीसीएलका अधिकारीसंगको छलफलमा नेपालको जलविद्युत र सोसंग सम्बन्धित पुर्वाधार विकासमा मिसनले सहुलियत ऋण दिने बारेमा विस्तृतमा छलफल गरेको थियो । सो अवसरमा नेपालको जलविद्युतमा प्रत्यक्ष बैदेशिक लगानी र विनिमय जोखिम र कर्जा लगानीका विषयमा संभाव्यताको खोजी गरेको थियो । छलफल नेपालको जलविद्युतमा लगानी बढाउने, जलविद्युत उत्पादन र वितरणमा देखिएका असमनता समस्या सम्बोधन गर्ने विषयमा केन्द्रीत थियो । एचआईडीसीएलमार्फत लगानी हुने प्रस्तावित आयोजना कर्जाको कार्यविधि र कर्जाको समयका विषयमा विशेष छलफल भएको थियो । यसका साथै एचआईडीसीएललाई नीति निर्माण, ऋण जोखिम व्यवस्थापनका प्रक्रियामा प्राविधिक सहयोगका विषयमा पनि छलफल भएको थियो । भ्रमणका अवसरमा एडीबी मिसनले ऊर्जा मन्त्रालयका सचिव राजेन्द्रकिशोर क्षेत्री, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग र नेपाल विद्युत् प्राधिकरण र लगानी बोर्डका अधिकारीका अतिरित्त नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र ऊर्जा उत्पादक संस्था, नेपाल राष्ट बैंक, विश्व बैंक, स्ट्याण्र्डड चाटर्ड बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक र रोबस्ट इनर्जीका अधिकारीसंग भेट गरेको थियो ।

## उपमहाप्रवन्धक र वित्तीय विश्लेषक नियुक्त

एचआईडीसीएलले उप-महाप्रवन्धक र वित्तीय विश्लेषकमा नियुक्त गरेको छ । एचआईडीसीएल व्यववस्थापनले चार्टर्ड एकाउन्टेन्ट मुक्तिबोध न्यौपाने उप-महाप्रवन्धक (वित्त) मा नियुक्त गरेको छ । यसअघि न्यौपाने अर्थमन्त्रालय अर्न्तगतको स्वरोजगार कोषमा वित्तीय व्यवस्थापन प्रमुखको रुपमा कार्यरत हुनुहन्थ्यो । न्यौपानेले असार १ गतेदेखि कार्यभार सम्हाल्नु भएको छ । यसैगरी एचआईडीसीले रामकृष्ण खतिवडालाई वित्तीय विश्लेषकमा नियुक्त गरेको छ । यसअघि उहाँ एनआईबीएल क्यापिटल मार्केट्स लिमिटेडमा महाप्रवन्धकको रुपमा कार्यरत हुनुहुन्थ्यो । उहाँले आयोजनामा स्वतन्त्र परामर्शदाताको रुपमा पनि काम गरिसक्नु भएको छ ।

## जोखिम मूल्याँकन एकाई गठन

लगानी नीति अनुसार एचआईडीसीएलले ८२ मेगावाटको तल्लोसोलु जलविद्युत् आयोजनाको जोखिम मूल्याँकन एकाई गठन गरेको छ । आयोजना सोलुखुम्बु जिल्लामा निर्माण हुदैछ । आयोजना एस्सेल क्लिन सोलु हाइडोपार लिमिटेडले बनाउदै छ । आयोजनामा भारतको एस्सेल इन्फास्टक्चर ग्रुप र नेपालको क्लिन इनर्जी डेभलपमेन्ट बैंकको लगानीमा बन्न लागेको हो । आयोजनामा नेदरल्याण्डको एफएमओ, जर्मनीको डीईजी र वेलायतको ग्यारन्टकोले ऋण लगानी गर्दैछन् । आयोजनामा स्वदेशी लगानी जुटाउन प्राइम कर्मर्शियल बैंक जसले सहवित्तीयकरणमा ऋण जुटाउन नेतृत्वदायिक भुमिका खेल्ने छ ।

द्वैमासिक ईपेपर

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं

फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np